# *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा भविता

श्रीधर न्यौपाने
उपप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस
*https://doi.org10.3126/kanyaj.v4i1.57075*

## सार

*प्रस्तुत लेख ध्रुवचन्द्र गौतमद्वारा लिखित स्वर्गीय हीरादेवीको खोज उपन्यासको अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता भविताका कोणबाट गरिने विश्लेषणमा केन्द्रित रहेको छ । स्वर्गीय हीरादेवीको खोज उपन्यासमा अस्तित्ववादी भविताको अभिव्यक्ति कसरी भएको छ भन्ने समस्या समाधान गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । यथास्थितिलाई अवलम्बन गरी पतनतिर लाग्ने वा आफू बन्नाका लागि स्वयम् सक्रिय बन्ने भन्ने मान्यता  अस्तित्ववादी भवितासँग सम्बन्धित रहेको छ । विवेच्य उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने कुराको जानकारी पूर्वकार्यको अध्ययनबाट भए पनि भविताका कोणबाट गरिने अध्ययनको रिक्तता रहेकाले यस अध्ययनको सान्दर्भिकता देखिएको छ । तसर्थ अस्तित्ववादी भविताको मर्मअनुरूप निर्मित उपकरणहरू जीवनजगत्प्रतिको स्वाभाविकता, रिक्तताको बोध र अस्तित्वका लागि सक्रियतालाई आधार बनाई उपन्यासको विश्लेषण गरिएको छ । बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको यस अध्ययनमा तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका बिचमा समन्वय स्थापित गरिएको छ । पाठविश्लेषण पद्धतिको अवलम्बन गरिएको यस अध्ययनका लागि आवश्यक पर्ने सामग्री पुस्तकालय र ईपुस्तकालयबाट सङ्कलन गरिएको छ । अस्तित्ववादी भविताका कोणबाट विवेच्य उपन्यासको अध्ययन गरिएकाले निगमनात्मक अध्ययनविधि अवलम्बन यस अध्ययनमा गरिएको छ । यस उपन्यासका अस्तित्वशील पात्रले जड भविताबाट माथि उठी अस्तित्वका लागि सङ्घर्ष गर्दा आइपरेका समस्याको सामना गर्न तयार भएका तर सम्झौता र आत्मसमर्पण गर्ने पलायनवादी चिन्तनबाट अलग रहेका छन् भन्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ ।*

**मुख्य शब्दहरू :** अप्रामाणिक अस्तित्व, चित् भविता, जड भविता, प्रामाणिक अस्तित्व, विद्रोह

## विषयपरिचय

ध्रुवचन्द्र गौतम बहुमुखी प्रतिभा सम्पन्न स्रष्टाका रूपमा नेपाली साहित्यमा परिचित रहेका छन् । उनको जन्म २००० पुस २ गते वृहस्पतिवार बेलुका ७.३५ मा भएको हो (गौतम, २०७१, पृ. १९४) । उनको जन्मस्थान भारतको रक्सौलको नेपाली रेलवे स्टेसननिर हो । उनी एक वर्षको छँदा पिता गोविन्दचन्द्र वीरगन्जको कुमालटोलको झ्यालखानछेउमा बसाइँ सरेपछि उनको बाल्यकाल त्यहीँ बितेको थियो (गौतम, २०७४, पृ. १२-१३) । सानैदेखि साहित्यमा रुचि राख्ने गौतम २०२० सालमा कविताका माध्यमबाट नेपाली साहित्यमा सार्वजनिक भएका हुन् । २०२४ सालमा अन्त्यपछि उपन्यास रूपरेखा पत्रिकामा प्रकाशन गराई उपन्यासका क्षेत्रमा सार्वजनिक भएका गौतमका हालसम्म अट्ठाइसओटा उपन्यास प्रकाशन भइसकेका छन् । समाजमा देखिएका विकृति र विसङ्गतिलाई उपन्यासको विषय बनाउँदै आएका गौतमले व्यङ्ग्य, श्यामव्यङ्ग्य, स्वैरकल्पना, मिथकीय प्रयोग जस्ता लेखन कौशलको अवलम्बन गर्दै आएका छन् । अनुभवन्यास र सूत्रउपन्यास लेखनका माध्यमबाट नेपाली उपन्यासमा नवीन प्रयोग गरेका गौतमको सिर्जनायात्रा चलिरहेको छ ।

जीवनजगत्को व्यापक पक्षलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिने साहित्यिक विधा उपन्यासको सिर्जनाका माध्यमबाट ध्रुवचन्द्र गौतमले विशेष प्रसिद्धि प्राप्त गरेका छन् । आख्यानपुरुष गौतमले उपन्यास लेखनको आरम्भदेखि नै अस्तित्ववादी जीवनदृष्टिलाई आफ्ना उपन्यासमा अभिव्यक्त गर्दै आएका छन् । उनको *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा पनि यस दृष्टिको घनीभूत प्रयोग भएको देखिन्छ । व्यक्तिस्वतन्त्रता र व्यक्तिसर्वोच्चतालाई महत्त्व दिने यस दर्शनले मानिस आफू बन्नाका लागि स्वयम् सक्रिय बन्नुपर्छ भन्ने मान्यता राख्दछ । चित् भविताको सक्रियतासँगै मानिस आफू बन्ने प्रक्रियामा लाग्छ भन्ने मान्यता सार्त्रको रहेको छ । सार्त्रको यस मान्यतासँग हाइडेगरको प्रामाणिक अस्तित्व र कामुको विद्रोहका बिच तादात्म्य रहेको देखिन्छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी दृष्टिको अभिव्यक्ति भएको छ भन्ने कुराको जानकारी पूर्वअध्येताले दिए पनि अस्तित्ववादी भविताका कोणबाट गरिने अध्ययनको भने रिक्तता देखिएको छ । तसर्थ *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी भविताको अभिव्यक्ति कसरी भएको छ भन्ने समस्याको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासको अस्तित्ववादी भविताका कोणबाट अध्ययन गरिनु यस अध्ययनको क्षेत्र रहेको छ । अस्तित्ववादी भविताको आशयअनुरूपका उपकरणहरू जीवनजगत्प्रतिको स्वाभाविकता, रिक्तताको बोध र अस्तित्वका लागि प्रयत्नका कोणबाट गरिएको यो प्राज्ञिक अध्ययन नवीन र मौलिक हुने भएकाले औचित्यपूर्ण देखिन्छ । उपन्यासका पात्रले जीवनजगत्का गतिविधिलाई उपयुक्त ठानेको अवस्था जीवनजगत्को स्वाभाविकता हो । यसलाई जड भविता वा अप्रामाणिक अस्तित्व भनिन्छ । आफ्नो कुनै मूल्य नभएको बोध पात्रमा हुनु रिक्तताको बोध हो । यसलाई शून्यता भनिन्छ । पात्रले आफू बन्ने कुरामा देखाएको सक्रियतालाई अस्तित्वका लागि प्रयत्नका रूपमा लिइन्छ । यसलाई चित् भविता, प्रामाणिक अस्तित्व र विद्रोहका रूपमा लिइन्छ । बहुसत्यमा विश्वास गरिएको गुणात्मक प्रकृतिको यस अध्ययनमा तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका बिचमा समन्वय स्थापित गरी लेखलाई पूर्णता प्रदान गरिएको छ । अस्तित्ववादी भविताको सिद्धान्तमा आधारित रही अध्ययन गरिएकाले निगमनात्मक र पाठका साक्ष्यका आधारमा निष्कर्षमा पुगिएकाले पाठविश्लेषण पद्धतिको अवलम्बन यस लेखमा गरिएको छ । प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलनको स्रोत पुस्तकालय र ईपुस्तकालयलाई बनाइएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको अस्तित्ववादी भविताका कोणबाट गरिने अध्ययनको रिक्तता देखिएकाले उक्त उपन्यासमा अस्तित्ववादी भविताको अभिव्यक्ति कसरी गरिएको छ भन्ने अध्ययनको समस्याको समाधान गर्ने उद्देश्य यस लेखमा राखिएको छ । तसर्थ पात्रले अस्तित्वका लागि गरेको निर्णय, सङ्घर्ष र विद्रोहलाई आधार बनाई अस्तित्ववादी भविताका कोणबाट यस उपन्यासको विश्लेषण यस अध्ययनमा गरिएको छ । यस उपन्यासका पात्रले अस्तित्वका लागि सङ्घर्ष गर्दा आइपरेका समस्याको सामना गरेका तर जडता, सम्झौता, पलायन जस्ता चिन्तन र व्यवहारबाट मुक्त भएका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको रहेको छ । जीवनजगत्प्रतिको स्वाभाविकता, रिक्तताको बोध, अस्तित्वका लागि सक्रियता, वैकल्पिक उपायको अभाव, परिचयको अभाव, दमन, अपमान आदिले अस्तित्ववादी भवितालाई बोध गराउँछन् भन्ने कुरालाई सत्य मानिएकाले यी यस अध्ययनका तत्त्वमीमांसाका

रूपमा रहेका छन् । यिनीहरूमध्ये जीवनजगत्प्रतिको स्वाभाविकता, रिक्तताको बोध र अस्तित्वका लागि सक्रियताका कोणबाट यस लेखमा अध्ययन गरिएको छ। तत्त्वमीमांसामा सत्य ठानिएका कुरालाई उपन्यासका साक्ष्यका आधारमा व्याख्याविश्लेषण गरी ज्ञाननिर्माण गरिनु ज्ञानमीमांसा र ती सत्यलाई समान महत्त्व दिनु यस अध्ययनको मूल्यमीमांसाका रूपमा रहेको छ। स्थापित सिद्धान्त अस्तित्ववादी भविताका कोणबाट उपन्यासको विश्लेषण गरिएकाले निगमनात्मक शोधविधि अवलम्बन गरिएको यस लेखमा पाठविश्लेषणपद्धति अनुसरण गरिएको छ। अध्ययनका लागि आवश्यक प्राथमिक र द्वितीयक स्रोतका सामग्री पुस्तकालय र ईपुस्तकालयबाट सङ्कलन गरिएको छ।

## सैद्धान्तिक आधार

प्रस्तुत अध्ययन अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता भविताका कोणबाट गरिने विश्लेषणमा केन्द्रित रहेको छ। वैयक्तिक स्वतन्त्रता र व्यक्तिसर्वोच्चतालाई महत्त्व दिँदै पाश्चात्य चिन्तन परम्परामा बिसौँ शताब्दीमा विकसित भएको आधुनिक जीवनदर्शनका रूपमा अस्तित्ववाद परिचित रहेको छ। मानवलाई महत्त्व दिइएका सन्दर्भको खोजी गर्दा इसापूर्व पाँचौँ शताब्दीको उत्तरार्धतिर सोफिस्ट दार्शनिक प्रोटागोरसको मान्छे सम्पूर्ण वस्तुको आधार हो (प्रधान, सन् १९७१, पृ. ७२) सम्म पुग्न सकिए पनि यस दर्शनको प्रारम्भ भने उन्नाइसौँ शताब्दीमा डेनिस धार्मिक चिन्तक किर्केगार्डबाट भएको देखिन्छ। खास गरी फ्रेन्च दार्शनिक देकार्तले सारलाई महत्त्व दिएका र जर्मन दार्शनिक हेगेलले ईश्वरीय सत्तालाई सर्वोच्च महत्त्व दिएका अवस्थामा मानव र उसको अस्तित्वलाई नै सर्वोच्च महत्त्व दिँदै किर्केगार्डले यस दर्शनको प्रारम्भ गरेका हुन्। उनले डेनिस भाषामा लेखेका यस दर्शनसम्बन्धी मान्यता बिसौँ शताब्दीमा जर्मन भाषामा अनुवाद हुन थालेपछि र कार्ल बार्कले पुनर्व्याख्या गर्न थालेपछि प्रसिद्ध बनेको देखिन्छ (त्रिपाठी, २०३०/२०५८, १२१) । मानव मूल्य, वरणस्वतन्त्रता र उत्तरदायित्व जस्ता मान्यतासहित स्थापित यस दर्शनका बारेमा हाइडेगर, सार्त्र र कामुले थप चर्चा गरेका छन्।

अस्तित्ववादी चिन्तनका मूलभूत मान्यताहरूमध्ये भविता (being) लाई फ्रेन्च दार्शनिक सार्त्रले Being and nothingness नामक कृतिमा यस मान्यताका बारेमा घनीभूत रूपमा चर्चा गरेका छन् । उनले भविताभित्रका जड र चित् भविता हुने कुरा गरेका छन्। जीवनजगत्को स्वाभाविकताको बोधलाई जड भविता अनि शून्यताको बोधपश्चात् स्वतन्त्रता र उत्तरदायित्व वहन गर्ने कुराप्रति सचेत बनेको अवस्थालाई सार्त्रले चित् भविताका रूपमा चर्चा गरेका छन् (त्रिपाठी, २०३०/२०५८, पृ. १३१) । जीवनजगत्प्रतिको रिक्तताको बोधपश्चात् नै मानिसमा केही हुने कुराको चेतना जागृत भएको अवस्थालाई नै सार्त्रले चित् भविताका रूपमा चर्चा गरेका छन् । उनले अचेतन जड (being in itself) र चेतना (being for itself) का बारेमा चर्चा गर्दै जड र चेतनाका बिचमा रहने रिक्ततालाई शून्यता मानेका छन् (प्रधान, सन् १९७३, पृ. ७४) । अरू मानिस बाँचेसरह जीवनजगत्लाई स्वाभाविक ठानेका अवस्थामा मानिसमा चेतनाको विकास भएको हुँदैन। शून्यताको जगमा अडिएको चेतनाको विकाससँगै मानिसमा केही बन्ने कुराप्रतिको सचेतता जागृत हुनुलाई सार्त्रले being for itself (चेतना) का रूपमा लिएका छन् (Sartre, n.d, p. 173)। कर्मशील मानिस मात्र आफू बन्ने कुराप्रति सचेत बनेको हुन्छ। यही चेतनाको सक्रियताका कारण नै मानिसले आफ्नो उद्देश्य निर्धारण गरेको हुन्छ। आफ्नो उद्देश्य आफैले निश्चित गर्ने विषय मानिसको नियति नै हो (शर्मा, सन् १९९३, पृ. १०५) । जड दर्शनले मानव अस्तित्वका बारेमा व्याख्या गर्न सक्दैन भन्ने तर्क गर्दै मानिस आफू बन्नाका लागि आफैले उद्देश्य निर्धारण गरेको हुन्छ भन्ने तर्क सार्त्रको रहेको छ।

सार्त्रद्वारा प्रस्तुत भवितासँग तादात्म्य हुने खालको अप्रामाणिक अस्तित्व र प्रामाणिक अस्तित्वका बारेमा हाइडेगरले चर्चा गरेका छन् । सार्त्रले प्रस्तुत गरेको जड र चित् भवितासँग हाइडेगरले प्रस्तुत गरेको क्रमशः अप्रामाणिक अस्तित्व र प्रामाणिक अस्तित्व समान रहेको देखिन्छ । औसत जीवनलाई स्वीकार गरेको मानिसले आफूलाई बनाउने सम्भावनाबाट अलग राखेको हुन्छ र शून्यतामा स्थापित गरेको हुन्छ । जीवनको यस्तो अवस्थालाई पतनको बाटो ठान्दै जब मानिसमा पतनको बोध हुन्छ त्यो नै प्रामाणिक अस्तित्व हो । यस्तो अवस्थाको मानिसले आफ्नै कुरा सुन्न थालेको हुन्छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. १६९-१७०) । आफू बन्ने कुराप्रति सचेत मानिसले मात्र प्रामाणिक जीवन बाँचेको हुन्छ । जन्म र मृत्युको सीमामा अनुबन्धित मानिसले जीवनका प्रत्येक क्षणलाई सदुपयोग गर्दै प्रामाणिक जीवन बाँच्न सक्छ भन्ने मान्यता हाइडेगरको रहेको छ (रुविचेक, सन् १९७३, पृ. १३३) । प्रामाणिक जीवन बाँच्नका लागि स्वतन्त्र निर्णय गर्दै मानिसले त्रासमा हाम फालेको हुन्छ । केही गर्ने कुराप्रति मानिसले देखाएको सचेततालाई हाइडेगरले प्रामाणिक अस्तित्वका रूपमा चर्चा गरेका छन् (Gorner, 2007, p. 105) । जडतालाई स्वाभाविक ठानेको मानिसमा अस्तित्वप्रतिको सचेतता देखिँदैन । छनौट र निर्णययुक्त जीवन जिउनुलाई हाइडेगरले सचेत अस्तित्वका रूपमा लिएका छन् (सिंह, सन् १९९४/२०१२, पृ. १८) । आफू बन्नाका लागि देखाएको सचेतताले प्रामाणिक अस्तित्वलाई नै बोध गराएको देखिन्छ । अस्तित्व स्थापित गर्नाका लागि विद्रोह गर्नुपर्ने कुरा कामुको रहेको छ (Camus, 1956/1991, p.n.d) । स्वनिर्मिति र उद्देश्य प्राप्तिका लागि नै मानिसले विद्रोह गरेको हुन्छ । यही विद्रोहसँगै मानिसले आफ्नो बारेमा सोच्न थालेको हुन्छ (पाण्डे, २०६२, पृ. ८६) । विद्रोहको भावनाबाट उत्प्रेरित मानिसमा मात्र निजत्व स्थापित गर्ने कुराप्रतिको सचेतता देखिएको हुन्छ । आफ्नो अस्तित्वमा बाधा सिर्जना गर्ने पक्षसँग सम्झौता गर्ने वा आत्मसमर्पण गर्ने प्रवृत्तिको मानिसमा अस्तित्वप्रतिको सचेतता देखिएको हुँदैन । तसर्थ हाइडेगरद्वारा प्रस्तुत प्रामाणिक अस्तित्व र कामुद्वारा प्रस्तुत विद्रोह सार्त्रद्वारा प्रस्तुत चित् भविताका बिचमा सामन्जस्य देखिएको हो ।

मानिस आफ्नो मूल्यका लागि ऊ आफै सक्रिय बन्नुपर्छ भन्ने अस्तित्ववादी भविताको मान्यता रहेको छ । समाज, समाजका गतिविधि र आफ्नो जीवन स्वाभाविक ठानेका अवस्थामा मानिसमा अस्तित्वप्रतिको सचेतता देखिँदैन । यस्तो अवस्थालाई सार्त्रले जड भविता, हाइडेगरले अप्रामाणिक अस्तित्वका रूपमा चर्चा गरेका छन् । यस्तो अवस्थाको मानिसमा जब जीवनप्रति नै रिक्तता र शून्यताको बोध हुन थाल्छ त्यसपछि ऊ आफू केही बन्ने कुराप्रति सचेत बनेको हुन्छ । पतनबाट मुक्त हुनका लागि स्वतन्त्र निर्णय गर्दै त्यसबाट सिर्जित चिन्ता र पीडाप्रति सचेत बन्दै जीवनमा सक्रियता देखाएको मानिस नै अस्तित्वशाली हो भन्ने मान्यता अस्तित्ववादी दर्शनको रहेको छ । आफ्नो मूल्यका लागि मानिस आफै सक्रिय बन्नुपर्ने मान्यतालाई सार्त्रले चित् भविता, हाइडेगरले प्रामाणिक अस्तित्व र कामुले विद्रोहका रूपमा चर्चा गरेको देखिन्छ ।

## भविताका कोणबाट *स्वर्गीय हीरादेवीको खोज* उपन्यासको विश्लेषण

ध्रुवचन्द्र गौतमको सातौँ उपन्यास *स्वर्गीय हीरादेवीको खोज* (२०४५) मा अस्तित्ववादी जीवनदृष्टिको महत्त्वपूर्ण मान्यता भविताको अभिव्यक्ति गहन रूपमा भएको छ । काठमाडौँलाई परिवेश बनाइएको यस उपन्यासमा कल्पित विशाल घरको सम्भ्रान्त परिवारका पुरुष पात्रका यौनजन्य विकृत क्रियाकलापका कारण कुमार जस्ता निर्दोष पात्रको अस्तित्व सङ्कटमा परेको कुरालाई प्रमुख विषय बनाइएको छ । उपन्यासमा प्रमुख भूमिका निर्वाह

गरेको यस पात्रले सङ्कटमा परेको आफ्नो अस्तित्वको रक्षाका लागि सङ्घर्ष गरिरहेको कुरालाई विषयबद्ध गरिएको छ। कुमारका अतिरिक्त सहायक पात्र सोनाले अस्तित्वका लागि गरेको सङ्घर्षमा समेत अस्तित्ववादी भविता अभिव्यक्त भएको छ। यस उपन्यासमा अभिव्यक्त अस्तित्ववादी भविताका बारेमा जीवनजगत्प्रतिको स्वाभाविकता, रिक्तताको बोध र अस्तित्वका लागि सक्रियताका कोणबाट यहाँ अध्ययन गरिएको छ।

**जीवनजगत्प्रतिको स्वाभाविकता**

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको प्रमुख चरित्र कुमारले उपन्यासमा वर्णित विशाल घरमा बसेर त्यहाँका मामामाइजूहरूले दिएको आदेशलाई स्वाभाविक ठान्दै पालना गरिएको सन्दर्भले जीवनजगत्प्रतिको स्वाभाविकता वा जड भवितालाई बोध गराएको छ। किशोरावस्थासम्म त्यस विशाल घरका सदस्यहरू र आफूजस्तै अवैध सन्तानलगायत त्यहाँको सम्पूर्ण वातावरण उपयुक्त भएको भन्ने कुमारको अभिव्यक्तिले उसले त्यहाँको जीवनजगत्लाई स्वाभाविक ठानेको छ भन्ने कुरा स्पष्ट भएको छ– "केटाकेटीमा वा किशोरावस्थासम्म पनि, यिनै मामामाइजूहरू, यिनै धाईसुसारेहरू, यही लक्ष्मण र आफू जस्ता यिनै अवैध सन्तानहरू, यो सम्पूर्ण वातावरण र यसको चिरदरिद्रता, सब आत्मीय र आकर्षक लाग्दथे" (गौतम, २०४५/२०५७, पृ. १०९)। कुमारले त्यो घर र त्यहाँको वातावरण स्वाभाविक ठानेको कुराको प्रस्तुतिले जड भवितालाई नै बोध गराएको देखिन्छ। यस्तो अवस्थामा रहेको मानिसमा अस्तित्वका लागि प्रयत्न गर्ने मनसाय हुँदैन जुन कुरा यस उपन्यासको आरम्भमा कुमारमा देखिएको छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा केन्द्रीय भूमिका निर्वाह गरेको पात्र कुमारका क्रियाकलापले नै अस्तित्ववादी जीवनदृष्टिको जड भवितालाई बोध गराएको देखिन्छ। त्यस विशाल घरका मामामाइजूबाट दिइएका आदेशलाई प्रसन्नतापूर्वक स्वीकार गर्दै आफूलाई कर्ममा प्रवृत्त गराएका उपन्यासका सन्दर्भका आधारमा उसले जीवनजगत्लाई स्वाभाविक ठानेको छ भन्ने कुरा स्पष्ट भएको छ– "म चुपचाप पैसाहरू लिएर खरिद गर्ने सामानको फेहरिस्त मनमनै बनाउँदै छिटोछिटो त्यहाँबाट चिप्लिएँ" (गौतम, २०४५/२०५७, पृ. २)। त्यस विशाल घरमा मानिसको माझमा एक्लै र परिचयविहीन अवस्थामा रहँदा पनि थकानको अनुभूति नगरी निरन्तर रूपमा त्यस घरमा एक कामदारका रूपमा रही काम गरिरहेकाले उसले आफ्नो जीवन र यस सांसारिक गतिविधिलाई स्वाभाविक ठानिरहेको देखिन्छ। त्यस घरका मामामाइजूहरूका क्रियाकलापलाई स्वाभाविक ठान्नु र उनीहरूले दिएका आदेश पालन गर्नुपर्ने आफ्नो कर्तव्य भएको ठान्दै सक्रिय बनिरहेकाले ऊ आफ्नो जीवनलाई स्वाभाविक ठानेको छ। कुमारमा आफू बन्नुपर्छ भन्ने कुराप्रति सचेतता नआएको अवस्थालाई आख्यानसँग सम्बद्ध गरी यस उपन्यासमा जड भवितालाई अभिव्यक्त गरेको देखिन्छ।

विवेच्य उपन्यासको पात्र कुमारले त्यस विशाल घरमा हुने गरेका गतिविधिमध्ये कतिपयलाई स्वाभाविक ठान्दै र कतिपयबाट मनोरञ्जन लिँदै आफ्नो कर्ममा लागिरहेको सन्दर्भले जीवनजगत्प्रतिको स्वाभाविकतालाई बोध गराएको देखिन्छ। त्यहाँ खेलिने क्यारमबोर्ड खेलको खेलाडी र दर्शकको भूमिकामा रहेर तथा त्यस घरका कोठीहरूमा हुने यौनकर्मलाई ढोकामा उभिएर सुन्ने उसका क्रियाकलापले ऊ आफू बन्ने भन्ने कुराप्रति सचेत नरहेको अनि त्यहाँका क्रियाकलापलाई स्वाभाविक ठानेको कुरालाई पुष्टि गरेको छ। यो पात्र क्याम्पस जाने, त्यस

घरका काम गर्ने तथा कविता कोर्ने जस्ता आफ्ना नियमित कर्मलाई स्वाभाविक ठानेको छ– “क्याम्पस हडताल थियो, त्यसकारण म घरको काम गर्न निकै फुर्सत पाइरहेको थिएँ” (गौतम, २०४५/२०५७, पृ. ९) । जन्मनासाथ त्यस घरको चौतारामा फ्याँकिएको कुमार अठार वर्षसम्म पनि त्यस घरमा निरन्तर रूपमा बिताएको समयमा त्यहाँको बसाइलाई स्वाभाविक ठानेको छ । त्यस अवस्थासम्म आफू बन्ने कुराप्रति ऊ सचेत बनेको देखिएको छैन । हुन त कतिपय अवस्थामा बाल्यकालमा आमाको अभावको बोध उसमा नभएको होइन तर पनि ऊ आफू बन्ने प्रक्रियाका निम्ति निर्णयमा सक्रिय भएको देखिँदैन । उपन्यासको आरम्भमा कुमारले त्यस विशाल घरको गतिविधिलाई स्वाभाविक ठान्दै त्यस घरका कर्ममा आफूलाई सक्रिय बनाएको घटनाको प्रस्तुतिका माध्यमबाट जीवनजगत्को स्वाभाविकतालाई बोध गराएको देखिन्छ ।

**रिक्तताको बोध**

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको प्रमुख पात्र कुमार कर्ममा सक्रिय रहेका अवस्थामा त्यस विशाल घरको चौतारामा फ्याँकिने अबोध बालकको अवस्था देखेर दुःखी बनेको छ र आफू पनि त्यस्तै परिस्थितिबाट जन्मिएकामा निराशसमेत बनेको छ– “मेरो आफ्नो जीवन कतै छैन, सङ्गति छैन । एउटा प्रेतजीवन बाँचिरहेको छु म” (गौतम, २०४५/२०५७, पृ. १०) । आफ्नो निजत्वका बारेमा बोध हुन थालेपछि कुमारले त्यस घरको बसाइलाई अस्वाभाविक ठान्दै आफ्नो कोही नभएको र सङ्गतिको कुनै सम्भावना नरहेको अनुभूत गरेको छ । पात्रमा यस किसिमको अनुभूतिको अवस्थालाई अस्तित्ववादी दर्शनमा पात्रमा जागृत रिक्तताको बोध वा शून्यताका रूपमा लिने गरिन्छ । यस्तै अनुभूतिका अवस्थाबाट माथि उठेपछि नै ऊ अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको हुन्छ । तसर्थ रिक्तताको बोध अस्तित्व सुरक्षित गर्ने आधारका रूपमा रहेको र कुमारमा यस किसिमको अवस्था रहेको देखिएको छ । चौबिस भाइमध्ये एकले “ए, तँ आफू खोइ” (गौतम, २०४५/२०५७, पृ. २२) भन्दै प्रश्न गरेपछि कुमारले कुनै कुरा सोच्न नसकेको र जवाफसमेत दिन असमर्थ रहेको देखिएको छ । आफ्नो परिचयको अभाव, श्रमको अवमूल्यन तथा त्यहाँका मानिसले गरेको अपमानले कुमारमा आफू एक्लो, शून्य र रित्तो भएको अनुभव गरेको छ । त्यस विशाल घरमा बसेर त्यहाँका मानिसको सेवामा सक्रिय रहँदाका अवस्थामा पनि आफू केवल प्रयोग मात्र भएको तर आफ्नो परिचय र अस्तित्व नरहेको कुराको बोध कुमारमा हुनुलाई रिक्तताको बोधका रूपमा लिन सकिन्छ ।

विवेच्य उपन्यासमा चित्रित विशाल घरमा रहँदै आएको कुमारले बाल्यकालदेखि नै त्यस घरमा रहँदा अभिभावकीय ममत्वबाट वञ्चित हुँदा आफू एक्लो र रित्तो अनुभूत गरेको छ । बाल्यकालमा बुढी आमाको स्याहार र सुसारबाट त्यस विशाल घरको ठुलो कोठामा कुमारजस्तै अन्य बालबालिकाहरूलाई खेल्नका लागि छाडिएका अवस्थामा अचानक उसको मस्तिष्कमा जागृत भएको अनुभूतिले उसमा रिक्तताको बोध भएको कुरालाई प्रतिबिम्बित गरेको छ– “अनि साँच्चीकै त्यसै गरी खेल्दाखेल्दै ममा जुन पहिलो चेतना आएको थियो, त्यो के थियो भनेमेरो यस संसारमा कोही छैन । म अनाथ हुँ । म अवैध/जारज हुँ, जसको अस्तित्व ... ... अब भइगो, यति गहिरोतिर नजाऊँ” (गौतम, २०४५/२०५७, पृ. ३५) । मानिसहरूको माझमा, सम्पन्नहरूको बिचमा र विशाल घरमा रहेर पनि त्यस घरका दुई नम्बर सन्तानका रूपमा रहेको कुमारले केटाकेटीमा भोकले रुनुपर्ने परिवेश उपन्यासमा सिर्जना गरिएको छ । बाल्यकालमा अभिभावकबाट प्राप्त गर्नुपर्ने ममत्वको अभावका कारण उसले रिक्तताको अनुभव

गरेको ऊ। कुमारमा जागृत यस रिक्तताको अनुभूतिले ऊ जड भविताबाट माथि उठ्ने प्रयत्नमा रहेको छ भन्ने कुरालाई बोध गराएको छ।

प्रस्तुत उपन्यासमा परिवेशका रूपमा आएको विशाल घरमा बसेर सङ्घर्ष गरिरहँदाका अवस्थामा पनि कुमारले भोग्नुपरेका समस्या त एकातिर छँदै छन् नै साथै त्यस घरका मामाहरूले जागिर लगाइदिने विषयमा देखाएको उदासीनता र प्रेममा पाएको धोकाका कारण उसले जीवनमा रिक्तताको बोध गरको छ– "हरेस नखानु एउटा राम्रो मानवोचित कार्य हो, यो विचार गरेर मैले नोकरीबाट हरेस खाएको थिइनँ। नत्र भने नोकरी खोज्दाखोज्दा अब जुत्ता त के पाइताला खिइने तरखरमा थियो। मामाहरूले चाहेमा तत्काल नोकरी हुन्छ, तर हामी यहाँ बस्दा तिनीहरूलाई फाइदा छ" (गौतम, २०४५/२०५७, पृ. ४९)। त्यस घरमा बसेर बि.ए. पास गर्ने बेलासम्म सङ्घर्ष गर्दा पनि उनीहरूको कामको सहयोगी मात्र बनेको तर आफ्नो अस्तित्व सुरक्षित गर्ने विषयमा कुनै परिवर्तन नभएको बोध गर्दै कुमारले जागिरको खोजी गरे पनि त्यसमा सफलता प्राप्त गर्न नसक्नु अनि मामाहरूले आश्वासन दिनु तर आफ्नो घरको कामको सहयोगी पात्रलाई गुमाउने कुरामा सकारात्मक नदेखिनु नै कुमारले जागिरबाट वञ्चित बन्नुपर्ने कारण बनेको छ। त्यति ठुलो पहुँच, प्रभाव र सम्पर्क स्थापित गरेका चौबिस भाइ मामाहरूले चाहेमा कुमारको योग्यतालाई सुहाउने खालको जागिरको खोजी तुरुन्त गर्न सक्ने प्रबलता रहँदारहँदै पनि उनीहरू त्यसप्रति विमुख हुनुले आफ्नो अस्तित्वका बारेमा त्यस घरका सदस्यहरू सकारात्मक नभएको ठान्दै कुमारले एक्लो अनुभूत गरेको र जीवनमा रिक्तताको बोध गरेको छ। यसै गरी त्यस घरमा कामदारको जिम्मेवारी वहन गरिरहेको भन्ने कुराको जानकारी प्रेमिका आशालाई भएपछि तीन महिनामा नै उससँगको प्रेम विच्छेद हुनुले पनि कुमारमा आफ्नो कोही नभएको र अर्काको आडमा आफ्नो अस्तित्व जोडिएको बोध गर्दै रिक्तताको बोध गरेको छ। यसै गरी रामप्रसादले पालेको ठुलाबाबुको छोरो लक्ष्मणले दिएको पीडा र पढाइमा गरेको ईर्ष्या पनि कुमारलाई रिक्तताको बोध गराउने कारकका रूपमा रहेको देखिन्छ। क्षमता हुँदाहुँदै पनि त्यस विशाल घरको कामदारको भूमिकामा रहेको कुमारले जागिर र प्रेममा भोग्नुपरेका असफलताका कारण रिक्तताको बोध गरेको छ। पात्रमा जागृत रिक्तताको अनुभूतिपश्चात् नै अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्ने गर्दछ। विवेच्य उपन्यासको पात्र कुमारले पनि त्यस विशाल घरमा अनुभव गरेको रिक्तताका कारण नै आमाको खोजी, घर छाड्ने तथा जागिर गर्ने कुराप्रति सचेत देखिएको हो।

विशाल घरको कामदारको भूमिकामा रहेका कारण प्रेम विच्छेद गरेकी आशासँग अचानक बाटामा भेटिएका बेला कुमारले आफू अझै जागिरकै खोजीमा रहेको अभिव्यक्ति दिनुपर्दा आफू रित्तो रहेको अनुभूति गरेको छ। पढाइमा असफल आशाले जागिर पाएर बालबालिका र महिलाका बारेमा प्रशस्त काम गरेको बताएकी तर आफू भने आशाका सामु  अझै जागिरको खोजीमा रहनुपर्दा कुमारले अनुभूत गरेको कुरामा रिक्तता बोध गरेको प्रस्टै देखिएको छ– "यताउति जति गरे पनि मलाई बेकुप बन्नुबाहेक कुनै अन्य गौचर नै देखा परिरहेको थिएन अर्थात् कि घाँसबाहेक चर्नका लागि मलाई केही बाँकी नै नरहे जस्तो जीवनमा र यो हरियोभरियो देशमा" (गौतम, २०४५/२०५७, पृ. ६१)। यथास्थितिमा रहेका बेला आफ्नो कोही नभएको भन्ने कुराको अनुभूतिपश्चात् आफू बन्ने कुराप्रतिको सचेतता उसमा आउनुको कारण रिक्तताको बोध नै रहेको देखिन्छ। आफू त्यस विशाल घरमा हेपिएको, केवल प्रयोग मात्र भएको, अस्तित्वमा समस्या देखिएको र आफ्नो भन्ने कोही र केही नभएको भन्ने

कुराको बोध उसमा भएको छ। यस उपन्यासमा कुमारको जागिर, प्रेम र परिचय केही कुरा पनि नभएको परिवेश सिर्जना गरिएको छ। यसै परिवेशका माध्यमबाट कुमारले एक्लो अनुभूति गरेको छ। पात्रमा सिर्जित यस्तो अनुभूतिले रिक्तताको बोधलाई चिनाएको छ। यस्तो बोधका कारण जीवनबाट विमुख हुनु विसङ्गतिवाद र यसैका बिचबाट अस्तित्वका लागि सङ्घर्ष गर्नु अस्तित्ववादका रूपमा बुझिन्छ। कुमारले जीवनप्रति प्रवृत्त हुने मार्ग अवलम्बन गरेको छ– "अब बुझिन थालेको छ, कस्तो जीवन थियो मेरो ? कति घृणित बनाइएको थियो, केही घृणितहरूद्वारा" (गौतम, २०४५/२०५७, पृ. १०९) ? कुमारले त्यस विशाल घरमा उपेक्षाजन्य जीवन व्यतीत गरेको कुराको बोध गरेको छ। उसले गरेको यस अनुभूतिले रिक्तताबोधलाई बोध गराएको देखिन्छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख पात्र कुमारका अतिरिक्त सहायक पात्र सोनाका माध्यमबाट समेत रिक्तताको बोध अभिव्यक्त गरिएको छ। सोनाको पति लक्ष्मणले उपलब्ध गराएका आभूषण आफ्नो जीवनलाई पूर्णता होइन रिक्तता सिर्जना गर्ने साधन हुन् भन्ने कुराको बोध बिहे गरेको पहिलो रातमा नै अनुभूत गरेको देखिन्छ। पति लक्ष्मणले उपलब्ध गराएका आभूषण आफ्नो ज्ञानका अघि फिक्का सावित हुने कुरा उसले व्यक्त गरेका धारणाले स्पष्ट पारेको छ– "सोनाले भनी-'हजुरबाट आज्ञा भए आफ्नो पीएच्.डी. पूरा गर्थें, इनरोलमेन्ट भइसकेको छ... ... ..." (गौतम, २०४५/२०५७, पृ. ७६)। पढाइमा अब्बल सोनाले यसकै माध्यमबाट आफ्नो अस्तित्व सुरक्षित हुने अपेक्षा राखेको देखिन्छ। तर त्यस विशाल घरमा बुहारी र लक्ष्मणकी पत्नीका रूपमा भित्रिएपछि सोनामा आफ्नो पढाइको उपयोग गर्न पाउने कुराप्रति आशङ्का व्यक्त गरेकी छ। पति लक्ष्मणले आभूषणको माग गर्न गरेको आग्रहले त्यस घरमा आभूषणलाई महत्त्व दिने तर पढाइलाई उपेक्षा गर्ने प्रवृत्ति रहेको बोध सोनालाई भएको छ। त्यस घरको त्यस खालको प्रवृत्तिका सामु आफू उपेक्षित हुनुपर्ने र पढाइको उपयोग नहुने ठान्दै सोनाले आफू त्यस घरमा रित्तो र उपेक्षित बन्नुपर्ने कुराको बोध गरेको बुझिन्छ।

**अस्तित्वका लागि प्रयत्न**

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको प्रमुख पात्र कुमार जन्मेदेखि नै त्यस विशाल घरमा आश्रय लिएको र त्यस घरमा बस्दा आफ्नो अस्तित्व सुरक्षित नभएको र आफू रित्तो भएको बोध गरेपश्चात् नै जागिरका माध्यमबाट अस्तित्व सुरक्षित गर्ने प्रयत्न गरेको देखिन्छ– "अब प्रश्न नोकरीको छ। नोकरी गरेर अलग्ग बस्ने छुट मलाई छ। मलाई मात्र होइन, सबलाई छ। नोकरी नगरे पनि अलग बस्न पाइन्छ, तर त्यस अवस्थामा अलग्ग बस्ने को" (गौतम, २०४५/२०५७, पृ. ३०) ? जागिरविना जीवन नै सुरक्षित रहँदैन र त्यस घरलाई पनि छाड्न सकिन्न भन्ने कुराप्रति कुमार सचेत रहेको छ। त्यस विशाल घरका मामामाइजूका आदेशलाई शिरोधार्य गर्दै बस्दा आफ्नो निजत्व सुरक्षित हुने कुराप्रति ऊ विश्वस्त देखिएको छैन। एकातिर आर्थिक पीडा अर्कोतिर त्यस घरमा गरिएका उपेक्षापूर्ण व्यवहारबाट उन्मुक्तिका लागि जागिर नै उत्तम विकल्प हो भन्दै त्यसको प्राप्तिका लागि प्रयत्न गर्नु उसमा जागृत चित् भवितको सक्रियता हो भन्ने कुरा उपन्यासका घटनाक्रमले सिद्ध गरेका छन्।

विवेच्य उपन्यासको पात्र कुमार त्यस विशाल घरमा बसेर आफ्नो अस्तित्वलाई कुण्ठित पार्नुभन्दा सानै भए पनि आर्जन गर्न सकिने खालको जागिर खानका लागि आशाको आग्रहलाई स्वीकार गर्नुमा अस्तित्वका लागि गरेको प्रयत्नका रूपमा लिन सकिन्छ। कुमार स्वतन्त्रताका लागि सङ्घर्षरत रहेको छ (थापा, २०६०, पृ. ७६)।

पूर्वप्रेमिका आशाले लगाइदिएको काममा व्यस्त रहेको कुमारले मन्त्रीको घरको काममा समेत सहयोग गरेको छ। आशाको आदेश मान्दै, पियनको जागिर खानका लागि कुमार सक्रिय हुनुले ऊ आफ्नो खुट्टामा उभिने र आफ्नो अस्तित्व सुरक्षित गर्ने कुराप्रति सचेत रहेको छ भन्ने बुझिन्छ। विसङ्गतिलाई भोगेको कुमारले मूल्यका लागि सक्रिय रहेको छ (सुवेदी, २०५३/२०६४, पृ. ३७२)। आफू काम गर्न सक्ने भएदेखि नै त्यस विशाल घरमा कर्म गरिरहेको कुमारले त्यहाँ भोग्नुपरेका समस्याबाट मुक्त हुने प्रयत्न गर्नुको कारण आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न हो भन्ने कुरा बुझिन्छ। त्यस घरमा सङ्घर्ष गर्दा भोग्नुपरेका उपेक्षा, एक्लोपनका कारण उसले जीवनलाई विसङ्गत ठाने पनि त्यसैमा कुण्ठित भएर बस्ने मनस्थिति उसमा रहेको देखिँदैन। तसर्थ सानै भए पनि उसले आफूलाई जागिरमा संलग्न बनाउनु अस्तित्वका लागि गरेको प्रयत्नका रूपमा बुझिएको छ। विशाल घरमा र जागिरमा गर्ने काममा खासै भिन्नता नभए पनि जागिरबाट केही आम्दानी हुने, त्यस विशाल घरका शोषणबाट उन्मुक्ति पाइने र आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रबल प्रयत्न रहेकाले नै यस कुराप्रति कुमारको आकर्षण बढेको देखिन्छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा आद्यान्त प्रमुख भूमिका निर्वाह गरेको पात्र कुमारले उपन्यासमा वर्णित विशाल घरमा बस्दा आफ्नो परिचय नभएको ठानी आफैले नामाकरण गरेकी आमा *स्वर्गीय हीरादेवीको खोजी* गर्ने कुराप्रति सक्रिय बनेको घटनाले ऊ अस्तित्वका लागि सक्रिय रहेको कुरालाई बोध गराएको छ। उसले जागिर, आश्रय र आमाको खोजी गरी अस्तित्व सुरक्षित गर्ने प्रयत्न गरेको छ (सुवेदी, २०५४, पृ. ८४)। स्वर्गीय नै भए पनि आफ्नी आमाको परिचय खुलेमा आफ्नो समेत परिचय खुल्ने कुराप्रति सचेत रहेको कुमारले जुनसुकै अवस्थाकी भए पनि आमाको पहिचान गर्ने कुराप्रति सचेत बन्नुले ऊ आफ्नो अस्तित्वका लागि संवेदनशील रहेको बुझिन्छ। आफूप्रति हार्दिकता र प्रेमभाव प्रकट गर्ने महिलाहरू बुढी सेविका, रोहिणी माइजू जस्ता पात्रहरूलाई कतै आफैले खोजेका हीरादेवी त होइनन् भन्ने ठान्नुले ऊ आफ्नो परिचय स्थापित गर्ने कुराप्रति सचेत रहेको बोध भएको छ। भीख माग्ने र यौन व्यवसाय सञ्चालन गर्नेसम्मका महिलालाई आफूले खोजेका हीरादेवी हुन् कि भन्दै तिनलाई बुझ्न सक्रिय बन्नुले ऊ आफ्नो अस्तित्व सुरक्षित गर्ने कुराप्रति प्रतिबद्ध रहेको तर उपन्यासको अन्त्यमा त्यस विशाल घरकी बुहारी सोनालाई समेत पागल र कैदी घोषणा गरी मृत्युको मुखमा पुग्न बाध्य पारिएको घटनालाई प्रत्यक्ष देखेको कुमारले अब आफूले अपेक्षा गरेकी हीरादेवी नपाइने र तिनको खोजीबाट आफ्नो अस्तित्व सुरक्षित नहुने ठानेको छ– "कुमार अझै नोकरीविहीन नै थियो, तर उसले मामाघर छाड्ने अठोट गरिसकेको थियो। त्यसकारण नोकरी त यथावत् खोज्दै थियो, तर ... ... अब उसले *स्वर्गीय हीरादेवीको खोज* गर्न छाडिदिएको थियो" (गौतम, २०४५/२०५७, पृ. १२१)। त्यस विशाल घरका कर्तुतलाई लामो समयदेखि प्रत्यक्ष देखेको कुमारले शिक्षा, रूप र गुणले सम्पन्न घरकी बुहारीलाई मृत्यु वरण गर्ने विन्दुमा पुऱ्याएपछि अब आफूले खोजेकी हीरादेवी पाइने सम्भावना नरहेको कुराप्रति ऊ विश्वस्त देखिएको छ। त्यसैले आफूले खोजी गरेकी हीरादेवीको खोजी गर्ने प्रयत्नबाट विमुख हुनु पनि अस्तित्व सुरक्षित गर्ने प्रयत्न हो भन्ने कुरा स्पष्ट भएको छ। यसो भए पनि ऊ आफ्नो अस्तित्वका लागि गरिने प्रयत्नबाट विमुख भएको छैन। त्यस घरले आफ्नो अस्तित्व सुरक्षित गर्नबाट वञ्चित गरेको ठान्दै कुमारले त्यस घरलाई छाड्ने निर्णय गर्नु र जागिरको खोजीलाई निरन्तरता दिनुले ऊ आफ्नो अस्तित्वका लागि प्रयत्नशील रहेको छ भन्ने कुरा ज्ञात भएको छ। उपन्यासका पात्रमा यस किसिमको बोध हुनुलाई सार्त्रका शब्दमा चित् भविताका रूपमा बुझिन्छ। जागिरका माध्यमबाट अस्तित्व सुरक्षित गर्ने कुराप्रति ऊ सचेत रहेको छ। उपन्यासको अन्त्यसम्म नै जागिरका लागि प्रयत्न गर्नुले ऊ अस्तित्वका लागि प्रयत्नशील रहेको छ भन्ने कुरा स्पष्ट भएको छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको अन्त्यमा कुमारले त्यस विशाल घरलाई छाड्ने अठोट गर्नुमा अस्तित्व सुरक्षित गर्ने प्रयत्न हो भन्ने कुरालाई बोध गराएको देखिन्छ । यस उपन्यासमा अस्तित्ववादी दृष्टिको सबल अभिव्यक्ति पाइन्छ (प्रधान, २०३७/२०५२, पृ. १९४) । उपन्यासका पात्रले अस्तित्वका लागि गरेको सङ्घर्षले अस्तित्ववादी दृष्टिको सबल अभिव्यक्ति भएको कुरालाई पुष्टि गरेको छ । त्यस घरमा बसेर मामामाइजूका आदेशलाई पालन गर्दै बसेको कुमारले त्यहाँ आफू केवल प्रयोग मात्र भएको र आफ्नो अस्तित्वको कुनै कदर नभएको कुराको बोध गर्दै त्यस घरलाई छाड्ने कुराप्रति सचेत बन्नुमा चित् भविताको सक्रियता हो भन्ने कुरा स्पष्ट भएको छ। यसकै सक्रियताका कारण नै कुमारले अस्तित्वका लागि आफूलाई सक्रिय बनाएको हो। त्यस विशाल घरका सारा कुरालाई स्वीकार गरेर बसेका भए कुमारले खान पाउँथ्यो तर अस्तित्व भने जोगाउन सक्ने थिएन भन्ने कुराको बोध उसले गरेका सङ्घर्ष, भोग्नुपरेका अपमान र एक्लोपनले सिद्ध गरेका छन् । उसलाई अप्रामाणिक अस्तित्वप्रति रुचि रहेको देखिँदैन । प्रामाणिक अस्तित्वका लागि निर्णयमा हाम फाल्नुपर्ने भएकाले नै कुमारले त्यस विशाल घरलाई छाड्ने अठोट गरेको देखिन्छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख पात्रका अतिरिक्त सहायक पात्र सोनाका माध्यमबाट समेत अस्तित्वका लागि गरिने प्रयत्नको अभिव्यक्ति भएको देखिन्छ । सोनाले अस्तित्वका लागि गरेको सङ्घर्ष र विद्रोहलाई अस्तित्वका लागि प्रयत्नका रूपमा लिन सकिन्छ। सोना त्यस विशाल घरमा ठुलोबाबुको छोरा लक्ष्मणकी पत्नीका रूपमा भित्रिएकी पात्र हो। रूप, गुण, शिक्षा र सिर्जना सामर्थ्यले सम्पन्न यस पात्रमाथि भएका दुर्व्यवहारका विरुद्ध उसले गरेको विद्रोह अस्तित्वका लागि हो भन्ने कुरा उससँग सम्बद्ध उपन्यासका घटनाक्रमबाट स्पष्ट भएको छ। उसको पति लक्ष्मणले आभूषणलाई महत्त्व दिएको र पढाइलाई उपेक्षा गरेको कुराको बोध बिहे भएको पहिलो रातमा नै गरेकी छ। राँडी, रन्डी जस्ता निम्न कोटिका अपमानजन्य शब्दबाट दुत्कार्ने, यौन शोषण गर्ने, भौतिक आक्रमणमा उत्रने जस्ता आफ्नै पतिका घृणित क्रियाकलापबाट प्रताडित सोनाले त्यस घरमा बसेर आफ्नो अस्तित्व सुरक्षित हुने कुराप्रति आशङ्का व्यक्त गरेकी छ। उसले जडतालाई पनि स्वीकार गर्न सकेको देखिँदैन। त्यस घरमा निषेध गरिएका अध्ययन र सिर्जनाका विषयलाई उसले निरन्तरता दिनुले ऊ आफ्नो अस्तित्वका लागि प्रयत्नशील छे भन्ने कुरा स्पष्ट भएको छ– “माइजूले भनिन्-‘मलाई अलिकति कागत र एउटा कलम चाहिएको थियो ? .... तर माइजू, यो घरमा कवितासविता लेखेको कसैले रुचाउँदैन।’ .... -‘सादा कागत राख्न त पाइन्छ होला नि ? !’ उनले हाँसेर भनिन्” (गौतम, २०४५/२०५७, पृ. ७९-८०) । आफ्नो उच्च अध्ययनको उपयोग र सिर्जना सामर्थ्यको सदुपयोगका लागि त्यस विशाल घरमा निषेध ठानिएका वस्तु भित्र्याउनु र सिर्जनामा सक्रिय रहनुले ऊ आफ्नो अस्तित्वका लागि प्रयत्नशील रहेकी छे भन्ने कुरा स्पष्ट भएको छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा सोनाले त्यस घरका मान्यताका विरुद्धका क्रियाकलापमा देखाएको सक्रियताले अस्तित्वका लागि गरेको प्रयत्नलाई बोध गराएको देखिन्छ । यस पात्रले पतिले दिएका यातनालाई भोग्नुपर्दा विसङ्गतिको अनुभूति गरेकी छ। यस उपन्यासमा अस्तित्ववादी चिन्तनलाई प्रयोगशील ढङ्गले चित्रण गरिएको छ । लोककथात्मक शैलीको अवलम्बन गरिएकाले प्रस्तुतिगत पक्षमा प्रयोगशीलता देखिए पनि अस्तित्वका लागि पात्रको सङ्घर्षशीलतालाई भने अवलम्बन गरिरहेको देखिन्छ। सोनाले त्यस घरका मान्यतालाई स्वीकार

गर्ने, पतिको सेवामा मात्र आफूलाई समर्पित गर्ने तथा आफ्नो ज्ञान र सिर्जनालाई महत्त्व नदिई बस्ने कुरालाई स्वीकार गरी अप्रामाणिक अस्तित्वका लागि उसले रुचि देखाएका भए अस्तित्ववादी दृष्टिको अभिव्यक्तिको सबलता देखिने थिएन । त्यस घरका मान्यताका विरुद्ध उभिएर पतिद्वारा दिइएका यातनाका विरुद्ध उसले गरेको प्रतिवाद र गृहत्यागको घटनाले ऊ प्रामाणिक अस्तित्वको भुमरीमा हाम फालेकी छ भन्ने कुरालाई स्पष्ट गरेको छ । आफ्नो निजत्वमा बाधा पुऱ्याउने पति लक्ष्मणले पठाएको चिठीलाई समेत च्यात्नुले ऊ आफ्नो अस्तित्वका लागि गरिने प्रयत्नबाट विमुख छैन भन्ने कुरालाई बोध गराएको छ । सोनाले विद्रोह रोजी, मृत्यु रोजी तर सम्झौता गरेर जडतालाई स्वीकार गरी अस्तित्व गुमाउन चाहिन । त्यस विशाल घरको षडयन्त्रबाट उसलाई मृत्युको मुखमा पुऱ्याइए पनि सम्झौता गरेर आफ्नो अस्तित्व कुण्ठित गर्ने मार्ग जीवनभर उसले अवलम्बन नगर्नुले ऊ अस्तित्वप्रति दृढ छे भन्ने कुरालाई बोध गराएको छ ।

## निष्कर्ष

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिअन्तर्गतको मूलभूत मान्यता भवितालाई पात्रका क्रियाव्यापारका माध्यमबाट गहन रूपमा अभिव्यक्त गरेको देखिन्छ । जडताबाट मुक्त भई अस्तित्वका लागि पात्रले देखाएको सक्रियता अस्तित्ववादी भवितासँग सम्बद्ध रहेको छ । मूलतः प्रमुख पात्र कुमार र सहायक पात्र सोनालाई अस्तित्वप्रति सक्रिय गराई भवितालाई अभिव्यक्त गरेको देखिन्छ । आफू बन्नाका लागि त्यस विशाल घरका चौबिस भाइमा देखिएको विकृत यौन क्रियाकलाप र प्रभुत्वशाली विचारका कारण नै उपन्यासका प्रमुख पात्र कुमार र सहायक पात्र सोना समस्यामा परेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । त्यस विशाल घरका बेथितिका कारण परिचयविहीन अवस्थामा रहेको कुमार आरम्भमा जड भविताका अवस्थामा रहेका बेला जीवनजगत्‌लाई स्वाभाविक ठान्दै कर्ममा लागिरहे पनि पछि त्यस घरमा आफ्नो मूल्य नभएको, रित्तो र एक्लोपनको अनुभूतिपश्चात् आफ्नो अस्तित्वका लागि आमा, आश्रय र जागिरको खोजी गर्ने कुराप्रतिको सचेतता उसमा जागृत भएको कुराले चित् भवितालाई बोध गराएको छ । यस्तो अवस्थामा आइसकेपछि मात्र यस पात्रले अस्तित्वका लागि सक्रियता देखाएको छ । यसै गरी सहायक पात्र सोनाले त्यस विशाल घरमा बुहारीका रूपमा भित्रिएपछि भोग्नुपरेका समस्याबाट मुक्त भई आफ्नो अस्तित्व रक्षाका लागि गरेको प्रयत्नलाई चित् भविताका रूपमा लिन सकिन्छ । यसैका कारण नै उसले अस्तित्वका लागि सक्रियता देखाएको देखिएको छ । यस पात्रले त्यस घरमा भित्रिएदेखि नै त्यहाँको वातावरण स्वाभाविक नठान्नु अस्तित्वप्रतिको सचेतता नै हो । जड भविताका अवस्थामा रहेका यस उपन्यासका पात्रले भनुभूत गरेको शून्यतापछि आफू केही बन्ने कुराप्रति सचेत बनेका छन् । पात्रहरू आफ्नो अस्तित्वका लागि सचेत बनेका र सक्रियता देखाएका सन्दर्भका माध्यमबाट यस उपन्यासमा अस्तित्ववादी भविता अभिव्यक्त गरेको देखिन्छ । आफ्नो अस्तित्वमा बाधा सिर्जना भएमा त्यसका विरुद्ध लागि आफ्नो अस्तित्व सुरक्षित गर्नुपर्छ भन्ने कुराप्रति यस उपन्यासका अस्तित्वशील पात्रमा सक्रियता आएको छ । जडता, शून्यता र अस्तित्वप्रतिको सचेततालाई पात्रका क्रियाव्यापारका माध्यमबाट प्रस्तुत गरी यस उपन्यासमा अस्तित्ववादी भविता  अभिव्यक्त गरिएको छ । जड भविताबाट माथि उठी आफ्नो अस्तित्वका लागि स्वयम् सक्रिय बन्नुपर्छ भन्ने कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी यस उपन्यासमा अस्तित्ववादी भविता अभिव्यक्त गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख "ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद" शीर्षकमा केन्द्रित रही विद्यावारिधि अध्ययनका क्रममा तयार पारिएको हो । उक्त अध्ययनका क्रममा विद्वत्वृत्ति र प्राज्ञिक परामर्शका निम्ति विश्वविद्यालय अनुदान आयोग नेपालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भसामग्री सूची

गौतम, ध्रुवचन्द्र (२०४५/२०५७), *स्वर्गीय हीरादेवीको खोज* (दोस्रो संस्करण), साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०७१), *वञ्चक,* उपलब्धि साहित्य विकास उपसमिति ।

गौतम, ध्रुवचन्द्र (२०७४), *एकआनाको जमाना,* उपलब्धि प्रकाशन सेवा प्रा. लि. ।

त्रिपाठी, वासुदेव (२०३०/२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* (तेस्रो संस्करण/पुनर्मुद्रण), साझा प्रकाशन ।

थापा, किशन (२०६०), "स्वर्गीय हीरादेवीको खोज : समकालीन जीवनको त्रासदी", *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), चितवन वाङ्मय प्रतिष्ठान ।

पाण्डे, ज्ञानु (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,* नेपाली आख्यान समाज ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३७/२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्करण), साझा प्रकाशन ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), *अस्तिवाद* : परिचयन, *वार्ताहरू,* कुमार प्रधान (सम्पा.), नेपाली साहित्य परिषद् ।

रुबिचेक, पल (सन् १९७३), *अस्तित्ववाद : पक्ष और विपक्ष,* प्रभाकर माचवे (अनु.), मध्य प्रदेश हिन्दी ग्रन्थ एकेडेमी ।

शर्मा, रामविलास (सन् १९९३), *नयी कविता और अस्तित्ववाद,* राजकमल प्रकाशन ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), *अस्तित्ववाद के प्रमुख विचारक.* भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

सिंह, बच्चन (सन् १९९४/२०१२), *आधुनिक हिन्दी आलोचना के बीज शब्द* (परिमार्जित संस्क.). नयी दिल्ली : वाणी प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३/२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (दोस्रो संस्करण), साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५४), *सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम,* साझा प्रकाशन ।

Camus, A. (1956/1991). *The rebel*. A. Bower (trans.). First vintage international edition.

Gorner, P. (2007). *Heideggers being and time an introduction*. New York : Cambridge university press.

Sartre, J. P. (n. d.). *Being and nothingness*. H. E. Barnes (trans.). University of Colorado.